दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २१४ | बुटवल | २०८२ साउन १४ गते, बुधवार | नेपाल संवत ११४५ | Wednesday July. 30, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**कोरोनाबाट बच्ने उपाय**

-नियमित रूपमा साबुन पानीले हात धोऔं,
- संक्रमित वा शंकास्पद ब्यक्तिको सम्पर्कबाट टाढा रहौं,
- रुघाखोकी लागेका ब्यक्तिको नजिक वा सामुन्नेमा नबसौं,
- अनावश्यक रुपमा आँखा, मुख तथा नाकमा बारम्बार नछोऔं,
- भीडभाडमा नजाऔं र जानै परे मास्क लगाएर जाऔं,
- बारम्बार प्रयोगमा आउने सामाग्री फोन, कलम, चस्मा, रुमालको सरसफाइमा ध्यान दिऔं,
-खोक्दा वा हाच्छ्यु गर्दा पाखुराले वा रुमालले नाकमुख छोपौं,
-खोप अनिवार्य रुपमा लगाऔं,
-कोरोनाको लक्षण देखिएमा तुरुन्त परीक्षण गराऔं र आइसोलेसनमा बसौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

## रविलाई अदालतले थुनेको हो : प्रधानमन्त्री



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले रास्वपा सभापति रवि लामिछानेलाई प्रतिशोध राखेको भन्दै चलाएको हस्ताक्षर अभियानप्रति कटाक्ष गरेका छन् । सुदूरपश्चिममा आयोजित एक कार्यक्रममा बोल्दै उनले अपराध गरेपछि अदालतले थुनेको बताए ।

उनले भने-'विभिन्न प्रकारका अपराध गर्‍यो । अनि सरकारलाई गाली । सरकार अदालत होइन, अदालतले थुन्छ कि छाड्छ सरकारको हातमा हुँदैन । ठगी गरेपछि अदालतले थुन्छ त हामी के गर्ने ? नचाहिने काम गर्ने बेलामा आँखा नदेख्ने अनि के को प्रतिशोध ?'

उनले रवि लामिछानेलाई आफूले उप-प्रधान तथा गृहमन्त्री बनाएको बताए ।

उनले रास्वपाको हस्ताक्षर अभियानमा नेपालको जनसंख्याभन्दा बढी हस्ताक्षर हुन सक्ने भन्दै कटाक्ष गरे । उनले यो गठबन्धन ०८४ को चुनावसम्म जाने भन्दै त्यसपछि के गर्ने छलफल गर्ने बताए ।

## मिडिया काउन्सिल विधेयक पुनर्लेखन गर्न माग

बुटवल । मिडिया काउन्सिलसम्बन्धी विधेयकमा प्रस्तावित व्यवस्थाप्रति सरेकारवालाहरूले आपत्ति जनाएका छन् ।

मंगलबार प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा विधेयकमाथिको छलफलमा भाग लिँदै सरोकालाहरूले आपत्ति जनाएका हुन् ।

विधेयकमा स्पष्टता, स्वतन्त्रता र उत्तरदायित्वको खाका नमिलेकाले यसलाई पुनर्लेखन गर्नुपर्ने उनीहरूको माग छ ।

छलफलमा बोल्दै गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष विष्णु सुवेदीले मिडियालाई नियन्त्रण गर्ने नभई मर्यादित र समाजप्रति उत्तरदायी बनाउने सोंचबाट विधेयक निर्देशित हुनुपर्ने बताए ।

अहिले रहेको प्रेस काउन्सिल एउटा सरकारी अडडको प्रवृत्तिभन्दा पर जान नसकेको उल्लेख गर्दै उनले यस्तो प्रवृत्ति दोहोरिन नदिन विधेयकलाई थप समृद्ध बनाउन सुझाव दिए ।

मिडियालाई नियन्त्रण नभई मर्यादित बनाउनको लागि ऐन निर्माण भइरहेको कुरालाई गम्भीर रुपमा लिन समेत सांसदहको ध्यानाकर्षण गराए ।

न्यूज एजेन्सी नेपालका प्रबन्ध निर्देशक सविन धमलाले प्रस्तावित विधेयकमा काउन्सिलको प्रशासनिक, आर्थिक र संरचनात्मक स्वायत्ततामा नै स्पष्टता नरहेको भन्दै पुनर्लेखनको माग गरे ।

विधेयकमा मिडिया काउन्सिलको आर्थिक र सांगठनिक स्वायत्तता नै सुनिश्चित नगरिएको उल्लेख गर्दै उनले विधेयकलाई थप समृद्ध बनाउन समेत समितिको ध्यानाकर्षण गराए ।

उनले प्रेस स्वतन्त्रता र मिडियाको मर्यादालाई क्षति पुराउने खालको कानुनी खाका बनाउनुको सट्टा मिडिया र नागरिक दुवैको हित सुनिश्चित हुने किसिमले विधेयक परिमार्जन गर्न सुझाव दिए ।

हिमालय टेलिभिजनका सम्पादक राजेन्द्र बानियाँले प्रेस परिचय पत्रको दुरुपयोग भइरहेको र कसैले आफूविरुद्ध समाचार लेख्यो भनेर उजुरी हालेकै आधारमा निष्पक्षता छानबिन नगरी मिडियामाथि प्रश्न उठाउने प्रवृत्तिको अन्त्य विधेयकले गर्नुपर्नेमा जोड दिए ।

# डिंगरनगर दूरगामी सहकारीका फरार अध्यक्ष र सचिवका श्रीमतीसँग बचतकर्ताको छलफल





**लुम्बिनी संवाददाता**

*बुटवल*

तिलोत्तमाको डिंगरनगर दूरगामी बहुउद्देश्यीय सहकारी संस्थाका बचतकर्ताको दबाबपछि प्रहरीले फरार अध्यक्ष र सचिवका पत्नीहरूसँग बचतकर्ताको छलफल गराएको छ । सहकारीका अध्यक्ष घनश्याम तिवारी र सचिव रामबहादुर थापा एक महिनादेखि फरार भएपछि बचतकर्ताले दिनहुँ उनीहरु र आफन्तको घर घेराउ गरिरहेका थिए । बचतकर्ताको चर्को दबाबपछि सहकारीका अध्यक्ष र सचिवका पत्नीहरु क्रमशः शारदा तिवारी र गीतादेवी पन्थी थापालाई प्रहरीले नियन्त्रणमा लिएर बचतकर्तासँग छलफल गराएको हो । उनीहरुलाई प्रहरीले सोमबार वडा प्रहरी कार्यालयमा राखेको थियो । बचतकर्ताको दबाबपछि उनीहरूलाई सहकारीको कार्यालय परिसरमा ल्याएर छलफल गराएको हो ।

छलफलमा अध्यक्ष तिवारीकी पत्नी शारदाले अपचलन र हिनामिना भएको रकमको जिम्मेवारी अध्यक्ष र सचिव मात्र नभई सिंगो सञ्चालक समितिले लिनुपर्ने तर्क गरेकी थिइन् । बचतकर्ताहरुले उनको तर्क अस्वीकार गर्दै तिवारीलाई यथाशीघ्र उपस्थित गराउनुपर्ने अन्यथा सम्पति र जायजेथा बिक्री गरेर बचत फिर्ता गर्नुपर्ने माग गरेका थिए । बचत फिर्ताको सुनिश्चित नहुँदासम्म घर घेराउ आन्दोलन जारी रहने बचतकर्ता बसन्त शर्माले बताए । छलफलमा सहकारीका उपाध्यक्ष बलराम न्यौपाने, कोषाध्यक्ष सुरेन्द्र बज्राचार्य, सह-कोषाध्यक्ष केशरी पाण्डेले आफूहरु बचतकर्ताको रकम छिटो फिर्ता हुनुपर्ने र त्यसका लागि फरार अध्यक्ष र सचिवलाई छिटो सम्पर्कमा ल्याउन प्रहरी प्रशासनसँग माग गरे ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी गणेश सापकोटाले फरार अध्यक्ष र सचिवको खोजी जारी रहेको र छिटै पक्राउ पर्ने दाबी गरे ।

उक्त सहकारीबाट ऋण प्रवाहमा गम्भीर लापरबाही र बद्‌मासी गरेको भेटिएको छ । सहकारीका ५८५ ऋणीमध्ये करिब ५० जनालाई धितोबिना नै ऋण प्रवाह गरिएको छ । धितो राखेर ऋण दिएको भनिएकाको धितो मूल्यांकन गरिएको छैन । धितो पनि नाम मात्रको देखिइएको लेखा परीक्षणका क्रममा पाइएको छ ।

सहकारीका करिब २ हजार बचतकर्ताको रकम बैंकमा जम्मा नगरी अध्यक्ष, सचिव र व्यवस्थापकको मिलेमतोमा निजी खातामा जम्मा गरेको, करोडौं रकम व्यक्तिगत तजबिजमा लगानी गरेको, सहकारीको सफ्ट्वेयरमा १३ हजार पटकसम्म अंक र अक्षर 'डिलिट' गरिएको पाइएको छ ।

यस्तै सहकारीको सफ्ट्वेयर 'अफ आवर' अर्थात् कार्यालय बिदा भएपछिको समयमा चलाइएको, ऋण नलिएका व्यक्तिको नाममा ऋण देखाइएको र करिब ५० जनालाई विनाधितो ऋण प्रवाह गरिएको भेटिएको लेखापरीक्षणमा सहभागी संस्थाका सल्लाहकार समेत रहेका बेलप्रसाद शर्माले जानकारी दिए ।

ऋणका फाइलमा प्रकृया पूरा नगरिएको, १० लाखभन्दा माथिको फाइलमा इञ्जिनियरिङ भेलुयसन गर्नुपर्नेमा नगरिएको पाइएको शर्माले बताए ।

'धितो राखिएका खातामा पनि मूल्यांकन नभएको, नाम मात्रको धितो देखाइएको छ,' लेखा परीक्षणमा सहभागी अर्का एकजनाले भने-'सचिव रामबहादुर थापाले मात्रै ८७ पटक ऋण प्रवाह गरेको पाइयो , जसमा करिब ४३ करोड रुपैयाँ बराबरको ऋण सेवा शुल्कबिना प्रवाह गरिएको छ ।'

ऋण नलिएका व्यक्तिहरूको नाममा ऋण देखाई महिनाको अन्त्यमा देखिएको ऋण अर्को महिनाको पहिलो साता 'शून्य' बनाइएको समेत फेला परेको उनले बताए ।

नक्कली सदस्यहरु बनाएर ऋण लगानी गरेको, ऋण लगानी गरेको ६ महिनापछि सदस्य बनाएकोजस्ता बद्‌मासी भेटिएको उनले जनाए ।

'६४ लाखको धितो मूल्यांकन गरेर १ करोड १४ लाख लगानी गरेको फाइल भेटियो, यस्ता अरु पनि होलान्,' संस्थाका सल्लाहकार शर्माले भने-'भोलि साँझसम्म आन्तरिक लेखा परीक्षण सकिन्छ, पर्सी बिहान पत्रकार सम्मेलन गरेर सबै सार्वजनिक हुन्छ ।'

सहकारीका अध्यक्ष घनश्याम तिवारी र सचिव रामबहादुर थापा एक महिनादेखि फरार छन् । फरार भएपछि पीडित बचतकर्ताले उनीहरुको घर र लुकेको आशंकामा आफन्तको घर समेत घराउ गर्दै आएका छन् । असार १७ देखि फरार दुवैजनाविरुद्ध रुपन्देही जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरिसकेको छ । तर, प्रहरी उनीहरूको खोजीमा गम्भीर नभएको भन्दै बचतकर्ता आक्रोशित छन् ।

तिवारी र थापा दुबै नेपाली कांग्रेसका स्थानीय नेता हुन् । पीडितहरूले उनीहरूलाई गृहमन्त्री कांग्रेसको भएकाले संरक्षण गरेको आरोप लगाएका छन् । करोडौं बचत अपचलनको तथ्य बाहिरिएपछि तीनसय बढी बचतकर्ताहरुले प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालय र इलाका प्रहरी कार्यालय बुटवलमा सञ्चालकहरुविरुद्ध निवेदन दिएका थिए ।

उनीहरुले ठगी गर्नेहरुलाई मुलुकी अपराध संहिता, २०७४ परिच्छेद २१ को दफा २४९ बमोजिम कारबाहीको माग गरेका छन् ।

सहकारीका अध्यक्ष घनश्याम तिवारी, सचिव रामबहादुर थापा क्षेत्रीलगायत अधिकांश पदाधिकारी र सञ्चालक समिति सदस्य नेपाली कांग्रेसका स्थानीय नेता कार्यकर्ता छन् ।

अध्यक्ष तिवारी गत स्थानीय निर्वाचनमा कांग्रेसको तर्फबाट वडाध्यक्षको उम्मेदवारका आकांक्षी थिए । तर, अन्तिममा उनले टिकट पाएनन् ।

सहकारीका सचिव थापा कांग्रेस तिलोत्तमा नगर समितिका पूर्वसचिव हुन् । सह-कोषाध्यक्ष केशरी पाण्डे कांग्रेस तिलोत्तमा नगरपालिका-३ की सभापति हुन् । १३ सदस्यीय सञ्चालक समितिमा तीनजना बाहेक सबै नेपाली कांग्रेसका स्थानीय नेता कार्यकर्ता छन् ।

सहकारीमा एउटै दल निकट र अध्यक्ष पक्षधरहरु हावी भएपछि बद्‌मासी भएको र ऐन, विधिको कुरा उठाउनेहरुलाई सञ्चालकमा आउन रोक्ने गरिएको सेयर सदस्यहरुको गुनासो छ ।

सहकारीका व्यवस्थापक वसन्त पराजुली भने प्रहरी हिरासतमा छन् । पराजुलीले अध्यक्ष र सचिवको निर्देशनमा आफूले काम गरेको बयान प्रहरीलाई दिएका छन् । अनुसन्धानमा संलग्न एक प्रहरीका अनुसार पराजुलीले आफूले २ देखि ३ करोड रकम चलाएको र बाँकी रकमका विषयमा जबर्जस्ती तमसुक गर्न लगाएको बयान दिएका छन् । तर, कार्यालयमा नै उनले करिब ९ करोड रकम अपचलन गरेको तमसुक नै भेटिएको छ ।

व्यवस्थापक पराजुली सम्पर्कविहीन भएकै अवस्थामा पराजुलीकी श्रीमती बिना पराजुलीले बुधबार जिल्ला अदालत रूपन्देहीमा सम्बन्धविच्छेदको मुद्दा दर्ता गरेकी थिइन् ।

» *बाँकी ३ पेजमा*

# फूलबारीलाई 'बुटिक उद्यान' बनाउने लक्ष्य




**टिआर शर्मा**

*बुटवल*

बुटवलको प्रमुख पर्यटकीय गन्तव्य मणिमुकन्दसेन उद्यान (फूलबारी) लाई बुटिक उद्यानको रुपमा विकास गर्ने लक्ष्य लिइएको छ । उद्यान सञ्चालक समितिले निश्चित वर्षको योजना बनाई भविष्यमा बुटिक उद्यान बनाउने दीर्घकालीन योजना बनाएको पत्रकार सम्मेलन गरी जानकारी गराएको हो । बुटिक उद्यान भनेको आकर्षक र विशेष शैलीमा बनाइएको बगैंचा हो, जसमा सौन्दर्य, सिर्जनात्मकता र विशिष्टता झल्किन्छ । अर्को अर्थमा बुटिक उद्यानलाई पार्क आतिथ्यता पनि भनिन्छ । फूलबारीको क्षेत्रफल विस्तार गर्न कठिनाइ भएकाले पर्यटकको आकर्षण बढाउन बुटिक उद्यान बनाउने योजना बनाइएको हो ।

हालसम्म नेपालमा सार्वजनिक बुटिक उद्यान बनेका छैनन् । बुटिक होटेलहरु भने बनेका छन् ।

उद्यान सञ्चालक समितिका अध्यक्ष माधवप्रसाद नेपालले मणिमुकुन्द सेनवंशीय भग्नावशेष दरबारलाई संरक्षणसँगै दरबार संग्रहालय निर्माणको पहल गरिएको बताए । यसका लागि यो वर्ष ३ करोड बजेट संघीय सरकारबाट बिनियोजन भएको उनले जनाए । यसैगरी उद्यानलाई सांस्कृतिक केन्द्र, रिसर्च सेन्टर तथा पर्यटकीय गन्तव्यका रूपमा विकसित गर्ने स्पष्ट खाका तयार गरेको उनले बताए ।

उद्यानमा व्यवसायिक नर्सरी सञ्चालन, नयाँ सेल्फी जोन, ट्रि हाउस र ट्रि रेष्टुरेण्ट, सिसाको पुल, जीपलाइनजस्ता संरचनाहरू निर्माणको समेत अध्ययन र तयारी भैरहेको उनले बताए ।

यस्तै रिचार्ज पोखरी तथा झरना निर्माण, मुनामदन बगैंचाको सौन्दर्यीकरण, एक्युरियम, डिजिटल सूचना केन्द्र, राष्ट्रिय-अन्तर्राष्ट्रियस्तरमा मिडिया सहकार्य तथा रिसर्च फेलोसिप कार्यक्रम सञ्चालन जस्ता योजना अघि सारेको उनले बताए ।

महासचिव युवराज घिमिरेले स्थानीय, प्रदेश र संघीय तीनै तहका सरकारसँग सहकार्यमा उद्यानको विकास गरिरहेको बताए । पर्याप्त बजेट अभाव, सामुदायिक वनसँग कानुनी जटिलता, प्राविधिक जनशक्ति र पानीको आपूर्तिमा चुनौतीका विषय भएको उनले उल्लेख गरे ।

**साढे पाँच लाख पर्यटक, ७४ हजार भारतीय**

उद्यानमा आर्थिक वर्ष २०८१/०८२ मा पाँच लाख ४७ हजार १ सय ९९ जना पर्यटकले भ्रमण गरेका छन् । जसमध्ये ७४ हजार ५ सय ९२ जना भारतीय नागरिक रहेका छन् । यस्तै ७१ हजार ६ सय ९५ जना विद्यार्थी रहेका छन् ।

गत वर्ष उद्यानको आम्दानी ४ करोड ६ लाख रुपैयाँ तथा खर्च ३ करोड ९६ लाख रुपैयाँ भएको समितिका कोषाध्यक्ष मिलेन्द्र श्रेष्ठले बताए । यसैगरी मनोरञ्जन कर, आयकर र अन्य कर शीर्षकमा ४७ लाख रुपैयाँभन्दा बढी सरकारलाई भुक्तानी गरिएको उनले बताए ।

उद्यानमा १६ जना स्थायी तथा करार र २० जना दैनिक ज्यालादारी गरी ३६ जना प्रत्यक्ष रोजगारीमा छन् भने सटर, बाल उद्यान र अन्य सेवा सञ्चालनमार्फत् झण्डै १५० जना परोक्ष रोजगारी सृजना भएको छ ।

मणिमुकुन्द सेन उद्यानलाई थप व्यवस्थित, शिक्षामैत्री र अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यका रूपमा अघि बढाउन संयुक्त कार्ययोजना र सांस्कृतिक प्रदर्शन कार्यक्रमहरू आवश्यक रहेको पत्रकारहरुको कार्यक्रममा सुझाव दिए ।

फूलबारीले ५०० वर्षभन्दा अगाडि देखिको सेन वंशीय राज्यको इतिहास बोकेको छ । यद्यपि २०५४ मा मणिमुकुन्द सेन उद्यान संरक्षण समिति जिल्ला प्रशासन कार्यलयमा दर्ता भएर सञ्चालन हुँदै आएको छ । फूलबारीमा कुडुले घर, स्काई साइक्लिङ पनि बनेको छ ।



# सम्पादकीय

## मानसिक स्वास्थ्य समस्या घटाउन जरूरी

लुम्बिनी प्रदेशमा मानसिक स्वास्थ्य समस्या ठूलो मात्रामा देखिएको छ । यसलाई मध्यनजर गरेर सरकारले पञ्चवर्षीय मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना (२०८१-२०८६) सार्वजनिक गरेको छ । प्रदेश सरकारको मन्त्रिपरिषद्बाट स्वीकृतगरी कार्ययोजना तयार पारी कार्यान्वयनमा लैजाने घोषणा गरेको हो । सात प्रदेशमध्ये प्रदेशमानसिक स्वास्थ्य रणनीतिक कार्ययोजना बनाउने लुम्बिनी पहिलो प्रदेश भएको सरकारको दाबी छ।

मानसिक स्वास्थ्यसम्बन्धी समस्या दिनानुदिन गहिरिँदै गइरहेको देखिन्छ। राष्ट्रिय सर्वेक्षणअनुसार लुम्बिनी प्रदेशका १३ प्रतिशत जनताले जीवनकालमा कुनै न कुनै मानसिक स्वास्थ्य समस्या भोगेका छन् भने हाल ५ दशमलव ४ प्रतिशतले यस्तो समस्या अनुभव गरिरहेका छन् । मानसिक स्वास्थ्य समस्यामध्ये चिन्ताको समस्या २२ प्रतिशत र डिप्रेसनको समस्या १५ प्रतिशत प्रक्षेपण गरिएको छ। लुम्बिनी प्रदेशमा प्रति १ लाख जनसंख्यामा २६ जनाले आत्महत्या गर्ने गरेका छन् । यसका साथै पछिल्ला तीन आर्थिक वर्षको तथ्यांकले लुम्बिनी प्रदेशमा मानसिक स्वास्थ्य सेवाको पहुँच र माग दुवैमा उल्लेखनीय वृद्धि भएको देखिएको छ। प्रदेश स्वास्थ्य मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७९-०८० मा १७ हजार ७ सय ८८ जना लाभग्राहीले मानसिक स्वास्थ्य सेवा लिएका थिए। त्यसपछिको वर्ष २०८०-८१ मा सेवा लिनेको संख्या दोब्बरभन्दा बढी बढेर ३५ हजार ४ सय ११ पुगेको थियो। हालै सम्पन्न आर्थिक वर्ष २०८१-०८२ मा भने सेवा लिनेको संख्या ३४ हजार ३८५ रहेको मन्त्रालयले जनाएको छ। यद्यपि अघिल्लो वर्षको तुलनामा केही कमी आए पनि पछिल्ला तीन वर्षको समग्र प्रवृत्तिले प्रदेशमा मानसिक स्वास्थ्यप्रति जनचेतना र सेवा उपयोगितामा विस्तार भइरहेको स्पष्ट संकेत गरेको देखिन्छ।

सरकारले सार्वजनिक गरेको कार्ययोजनाले मानसिक स्वास्थ्य सेवालाई समुदायमै पुऱ्याउने, मानवअधिकारको संरक्षण गर्ने, तथ्यमा आधारित सेवा प्रवाह गर्ने, सरकारी, निजी तथा गैरसरकारी निकायबिच सहकार्य र समन्वय बढाउने लक्ष्य राखेको छ। कार्ययोजनामा 'मानसिक स्वास्थ्य प्रवर्धन' प्राथमिक क्षेत्रको रूपमा पहिचान गरिएको छ। विद्यालय र बालबालिकालाई लक्षित गर्दै मानसिक स्वास्थ्यसम्बन्धी विशेष कक्षा, पाठ्यक्रम समायोजन, अभिमुखीकरण तथा परामर्श सेवा, खेलकुद, स्वास्थ्य प्रदर्शनी, ऱ्याली, योग प्रशिक्षण, तथा जीवन सीप अभिवृद्धि जस्ता कार्यक्रम सञ्चालन गरिने छ । सरकारले सार्वजनिक गरेको योजना घोषणामै सीमित नगरी प्रभावकारी कार्यान्वयनमा ल्याउन जरुरी छ। सरकारको रणनीतिक योजना व्यवहारमा लागू गरेर जनताले प्रत्यक्ष अनुभूति गर्ने गरी सेवा प्रवाह गर्नुपर्छ।

मानसिक स्वास्थ्यलाई समग्र स्वास्थ्यको आधार मान्नुपर्छ । जबसम्म प्रत्येक नागरिक मानसिक रूपले स्वस्थ हुँदैन तबसम्म अरू हिसाबले पनि स्वस्थ हुन सकिँदैन। परिवारको एकजना व्यक्तिमा मानसिक समस्या भएमा त्यसले सिंगो परिवारको दिनचर्या र प्रगतिमा वाधा पुऱ्याउँछ। तसर्थ मानसिक स्वास्थ्य समस्या घटाउने विषयलाई सरकारले प्राथमिकतामा राखेर रणानीतिक कार्ययोजना कार्यान्वयन गर्न अपरिहार्य छ।

# भूमिमा सामूहिक स्वामित्वको सम्भावना



अमलकिरण ढकाल

*नेपालमा ऐतिहासिक परिवर्तनपछि समाजवादी राज्यव्यवस्थाको आधारशिला निर्माणतर्फ उन्मुख रहेको यस घडीमा अर्थव्यवस्थामा प्रमुख अवरोधकका रूपमा रहँदै आएको सामन्ती भूस्वामित्व पद्दतिमा आमूल परिवर्तन नगरेसम्म मुलुकमा सुशासन, सामाजिक न्याय र समृद्धि हासिल हुनसक्ने देखिन्न। भूमिको स्वामित्व व्यवस्थापन हुँदा खण्डीकृत जग्गाको एकीकरण भई उत्पादकत्व वृद्धि, भूमिहीनताको अन्त्य, जग्गाको सहज उपलब्धता, भूमाफिया विचौलिया र दलाली नियन्त्रण गर्न योगदान पुग्ने देखिन्छ।*

नेपालको संविधानले मुलुकको अर्थव्यवस्था समाजवादतर्फ लैजाने प्रतिबद्धता व्यक्त गरेको छ । कुन किसिमको समाजवादी अर्थव्यवस्था बनाउने हो भन्ने खाका अझै स्पष्ट भइनसके तापनि समाजवादको आधार तयार गर्ने भन्नेसम्म सबै प्रमुख राजनीतिक दलहरूको विमति देखिन्न। हाल विश्वमा प्रचलित विभिन्न स्वरूपका समाजवादी अर्थव्यवस्थामध्ये प्रमुख रूपमा राज्यनियन्त्रित समाजवादी ढाँचा, बजारमा आधारित चिनियाँ समाजवादी ढाँचा, लोकतान्त्रिक नर्डिक मुलुकहरु (नर्वे, डेनमार्क, स्वीडेन, फिनलैण्ड, आइसलैण्ड) समाजवादी ढाँचा, उदारवादी समाजवादी ढाँचा, सामुदायिक समाजवादी ढाँचा र मिश्रित समाजवादी ढाँचामध्ये कुन मोडेलमा जाने हो स्पष्ट हुन आवश्यक छ।

समाजवादको गन्तव्य तय भइसकेको हालको स्थितिमा समाजवादको मूलमर्म भनेको उत्पादनका साधनहरूमा सामूहिक स्वामित्व र उपभोगमा सबैको पहुँच हुनु हो भन्ने बुझ्नु आवश्यक छ। त्यसमा पनि प्रकृति प्रदत्त जल, जमिन, वायु, प्रकाश र आकाशजस्ता सार्वजनिक वस्तुहरू सबैको पहुँचमा हुनुपर्दछ भन्ने मान्यता पनि छ। त्यसो हुँदा राष्ट्रभित्रको सम्पूर्ण भू-भाग पूर्णतः राज्यको अधिनमा हुनुपर्ने अवस्था रहन्छ। तर मानव समाजमा व्यक्तिगत सम्पत्ति कायम भएदेखि नै भूमिको स्वामित्व व्यक्तिको अधिनस्थ बनाइएकाले सबै भूमि निःशर्त राज्यको सार्वजनिक सम्पत्ति भन्नसक्ने अवस्था रहेको देखिन्न । यस स्थितिमा भूमि प्रकृतिप्रदत्त सार्वजनिक स्रोत हुँदाहुँदै पनि समाजवादी प्रयोजनले राष्ट्रियकरण वा सामूहिकीकरण गर्ने कुरा जटिल बहसको विषय बन्न गएको छ।

अर्थशास्त्रीय हिसाबलेभन्दा जग्गा जमिन उत्पादनको प्रमुख साधन एवं पुँजीको स्रोत र अचल सम्पत्ति पनि हो। भूमि माग र आपूर्तिका आधारमा घटाउन बढाउन नसकिने स्थिर वस्तु पनि हो । मानव समाजको इतिहासमा वस्तु विनिमय हुँदा वस्तुको उपयोगिता, दुर्लभता, उर्बरता, निश्चितता, स्थिरता आदि गुणहरूका कारण मूल्यको सिर्जना गरिए झैँ भूमिको पनि अन्तर्निहित मूल्य कायम हुँदै आएको हो। यसरी व्यक्तिगत सम्पत्ति कायम भएको भूमि व्यक्तिको सम्पत्ति मात्र नभई मानव सभ्यता, धर्म, संस्कृति, समृद्धि र समाजको जीवन आधारसँगसमेत जोडिएकाले बढी संवेदनशील विषय बनेको हो।

भूमिमाथिको आधिपत्यको सभ्यता खोज्दै जाँदा मानिसको घुमन्ते सिकारी जीवनबाट निश्चित स्थानमा बसोबास गर्ने अवस्थासम्म जानुपर्ने हुन्छ । त्यसबखतमा मानिसको कुनै स्थान विशेषमा स्थायी बसोबास रहे पनि कृषि कार्य सुरु नगरेसम्म भूमि अधिकारको खासै महत्व रहेको देखिँदैन । विश्वमा सर्वप्रथम मेसोपोटामियाबाट सुरु भएको आदिम कृषि कार्यले भूमि उत्पादनको साधनका रूपमा मान्य भयो । यसरी भूमिको उत्पादनशील उपयोग भएसँगै प्राचीन रोम, युनान र मिश्र एवं मध्ययुगीन बेलायत, यूरोपका शक्तिशाली शासक तथा धर्मगुरूहरूले समुदायमा रहेको जमिनको ठूलो हिस्सामा आफ्नो अधिकार जमाई दास किसानलाई केबल कामदारका रूपमा उत्पादन गर्न लगाउन थाले।

उत्पादन बढेसँगै युरोपबाट सुरु भएको औद्योगीकरण तथा उपनिवेशवादको विस्तारले विभिन्न मुलुकमा आदिवासी समुदायले उपभोग गरिरहेको जमिन शासकहरूले आफ्नो अधीनमा ल्याउन थाले । अमेरिकाले सन् १८६२ मा जारी गरेको होमस्टेड ऐन कानुनले जमिनमाथिको आदिवासीहरूको सामुदायिक अधिकार खारेज गरी पुँजीको विकासका लागि १६० एकडसम्म (करिब ९५ बिघा) जमिन व्यक्ति विशेषलाई उपलब्ध गराउने व्यवस्था गऱ्यो। यसरी व्यक्तिगत सम्पत्तिका पक्षधरहरूको प्रभुत्व बढ्दै गएपछि विश्वभरि नै सार्वजनिक भूमि निजीकरण गरी त्यस्तो सम्पत्ति संविधानबाटै अनतिक्रमित बनाउँदै लगियो । यसरी जग्गाको स्वामित्व स्वाभाविक रूपमा व्यक्तिमा स्थापित हुँदै आएको नभई राज्यसत्ता र शक्तिमा हुनेले हत्याएको तथ्य स्वतः पुष्टि हुन्छ।

नेपालका सन्दर्भमा हेर्दा वैदिककालमा सबै जग्गा राज्यको अधीनमा रहेको पाइन्छ। व्यक्तिगत स्वामित्वको महत्व बढ्दै गएपछि भने सरकारी, सार्वजनिक जमिनमा राज्यसत्ताका शासकहरूले व्यक्तिगत अधिकार जमाउँदै गएको र विर्ता, गुठी, किपट, जागिर, रकम, खान्गी आदि नाममा आफ्ना नजिकका मान्छेहरूलाई उपलब्ध गराएको देखिन्छ। आफ्नो शासनअन्तर्गत रहेका रैतीहरूबाट कर उठाउने प्रयोजनका लागि रैकरमा परिणत गरी व्यक्ति विशेषको निजी बनाउँदै लगिएको देखिन्छ। नेपालमा त्यस बखत जग्गाको नापजाँच फरक फरक इलाका अनुसार हलो, पाटे, कुटो, कोदालो, माटो मुरी, बिजन माना पाथी आदि इकाइमा राख्ने गरिएकाले जग्गाको प्रयोजन राज्यकोषका लागि कुत तिरो लिनेमा नै बढी केन्द्रित भएको पाइन्छ।

नेपालको संविधान, २०७२ ले पनि भूमिमाथिको सम्पत्तिको हक सुनिश्चित गर्दै प्रत्येक नागरिकलाई चल, अचल सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक स्थापित गरेको छ । त्यस्तो व्यक्तिगत सम्पत्ति (जग्गा जमिन) सार्वजनिक प्रयोगमा ल्याउनुपर्ने भए राज्यले सम्बन्धित व्यक्तिलाई मुआब्जा दिएर मात्र अधिग्रहण गर्न सकिने व्यवस्था गरिएको छ । संविधानको धारा २५ मा उल्लेखित उक्त व्यवस्था रहेसम्म भूमिमाथिको व्यक्ति विशेषको स्वामित्व परिवर्तन गर्नसक्ने अवस्था नदेखिए तापनि समाजवादको पूर्वाधार तयार गर्ने क्रममा उपधारा (४) बमोजिम राज्यले नीति, नियम र योजना बनाई समुदायस्तरबाट भूमिको वैज्ञानिक व्यवस्थापनको कार्य अघि बढाउन सक्ने देखिन्छ।

समाजवादी दृष्टिले हेर्दा नेपालको कूल जमिनमध्ये वन, बुट्यान, हिमाल, पहाड र नदीनालाले ढाकेको करिब ७४ प्रतिशत सरकारी, सार्वजनिक जमिनमा मात्र सरकारले सहज व्यवस्थापन गर्नसक्ने र बाँकी २६ प्रतिशत आवादी तथा संरचना रहेको जमिनको स्वामित्व परिवर्तन गर्न जटिल देखिन्छ । साथै, उल्लेखित आवादी र संरचनाले ढाकेको जमिनमध्ये पनि जग्गाधनी दर्ता प्रमाणपूर्जा (लालपुर्जा) भएको सरकारी, सार्वजनिक र व्यक्तिगत स्वामित्वमा कुन किसिमको कति प्रतिशत जग्गा कायम छ भन्ने यकिन राष्ट्रिय तथ्याङ्कसमेत राज्यबाट प्रवाहित भएको देखिन्न।

तत्कालीन अवस्थामा जग्गाको अभिलेख राख्ने हालको मालपोत, नापी कार्यालयहरू मोठ अड्डा, लाल अड्डा, तहसिल अड्डा, माल अड्डा आदि नाममा रहेका भएता पनि २०२१ सालमा जग्गाको आधुनिक नापजाँच सुरु नभएसम्म यकीन क्षेत्रफल भन्नसक्ने स्थिति देखिन्न। त्यसपछि मात्र पहाडमा रोपनी र तराईमा बिघाको इकाइमा राखिएको क्षेत्रफल मिटर, हेक्टर तथा एकडमा समेत भन्न सकिने अवस्था बनेको छ।

सरकारले हालै जारी गरेको भू-उपयोग नीतिमा जग्गाको साविक वर्गीकरण अबल, दोयम, सीम, चाहार खेत र पाखो भन्ने सट्टा प्रयोजन अनुसार कृषि, आवास, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी खोला ताल सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्विक महत्व र अन्यगरी १० वटा क्षेत्रमा गरिएको वर्गीकरणबाट भू-व्यवस्थामा केही सहजता आउनसक्ने देखिन्छ । तथापि, आधुनिक जग्गा नापजाँच सुरू भएको ६० वर्षभन्दा बढी अवधि भैसक्दा पनि स्वामित्वको प्रकारअनुसार अद्यावधिक अभिलेख नहुँदा विभिन्न सवालहरू आइरहेको देखिन्छ । साथै, जग्गा जमिनलाई समृद्धिको मूल आधार मानिदा घर, समाज र राष्ट्रमा अत्यधिक विवाद, मुद्दामामिला, झैझमेला, सत्ता र शक्तिको दुरूपयोग स्वामित्वका कारणले उत्पन्न भएको देखिन्छ। यसैमा राष्ट्रको अत्यधिक जनशक्ति, समय, स्रोतसाधन खर्च हुनुका साथै विकास निर्माण कार्यसमेत उल्झिरहेको देखिन्छ।

कुनै पनि देशमा जग्गा जमिनको महत्व सर्वाधिक रहन्छ । बाँच्नका लागि अक्सिजन जस्तै भूमि नभई रहन सकिन्न। तर त्यसमा व्यक्तिगत स्वामित्व कायम गरी सम्पत्ति एवं पुँजीको मुख्य आधार बनाइँदा बिनाश्रम सिर्जित मूल्यले आर्थिक विचलन बढ्न गई समाजको विकास लक्ष्य नै दिग्भ्रमित हुँदै गएको छ। जग्गाको अनावश्यक खरिद बिक्री र मूल्यवृद्धिले समाजमा रहेको सम्पत्ति पुँजीकृत भई अन्यत्र पलायन हुनुको साथै बौद्धिक एवं श्रममूलक कार्यहरू समेत नराम्रोसँग प्रभावित हुन पुगेका छन्। भूमिको यही अवाञ्छित पद्दतिबाट पुँजी सङ्कलन गर्ने प्रवृत्तिले बैंक तथा वित्तीय क्षेत्रका व्यवसायमा समेत उद्यमशीलताको महत्व छायाँमा पर्दै गएको स्पष्टै छ।

मानव समाजको विकासक्रममा मार्क्सवादी अवधारणा आएपछि समाजवादी मुलुकहरू र अन्य कतिपय मुलुकहरूमा प्रकृतिप्रदत्त वस्तुको रूपमा भूमिको स्वामित्व सरकारीस्तरमा वा समुदायको मातहतमा रहनुपर्छ भन्ने विषयले महत्व पाउँदै आएको छ। यसै सन्दर्भमा, नेपालमा समाजवादको पूर्वाधार तयार गर्ने क्रममा भूमिमा सामूहिक स्वामित्व स्थापना गर्नुपर्ने आवश्यकता टड्कारो बन्दै गएको छ। त्यसको लागि कानुनी, सामाजिक, वित्तीय नीतिहरू, विश्व परिवेशका अनुभव र सफल हाइब्रिड मोडलहरू उदाहरण हुन सक्छन्।

यस क्रममा, विभिन्न प्रकृतिका भूमिमा रहेको जग्गाधनीहरूको अधिकार, गाउँ शहर र अन्यत्रका जग्गाको उपयोग र वर्गीकरण, प्रविधिको प्रयोग, घर बसोवास र कृषि कार्यको व्यवस्थापन, उद्योग तथा सेवामा भूमिको स्रोत परिचालन, वित्तीय कोषहरूको व्यवस्थापन, सामुदायिक जनचेतना आदि विचारणीय पक्ष हुन सक्छन् । भूमिसम्बन्धी निर्णय लिँदा आगामी मार्गदिशा तथा कार्यविधिको स्पष्टताका साथै सामाजिक सञ्जालको उपयोग, सरोकार पक्षको सहभागिता तथा सहमतिको अभ्यास, नमूना प्रयोग र त्यसको अनुपोषण, विवाद समाधान, वित्तीय संस्थागत परामर्श पनि त्यत्तिकै आवश्यक छ।

भूमिमा सामन्तवादी युगदेखि कायम रहँदै आएको स्वामित्व परिवर्तन युगान्तकारी आमसरोकारको विषय हुँदा परिवर्तनका नेतृत्वदायी शक्तिहरूमा समाजवादी सोचको साथै आर्थिक स्वच्छता, उच्च नैतिकता र स्रोत साधनको उच्चतम उपयोग गर्नसक्ने क्षमता रहिरहनु पर्छ । साथै, नीतिगत व्यवस्थापनको लागि दीर्घकालीन रणनीतिअन्तर्गत समुदायस्तरबाट चरणबद्ध रूपमा जाने सोच बनेमा कार्यान्वयन गर्न सहज हुने देखिन्छ। भूस्वामित्व रूपान्तरणको आवश्यकता र उपादेयताबारे आम जनमानसमा स्पष्ट हुनुपर्छ । यसैगरी शहरी, ग्रामीण तथा अन्य इलाकाहरूमा भूमिको उपयोग कुन, कुन प्रयोजनका लागि के कसरी गर्ने भन्ने नीति, नियम र आउनसक्ने विवाद चुनौती समाधानको गहिरो विश्लेषण पूर्व अवस्थामा नै गर्नु जरूरी छ। सूचना प्रविधि एवं कृत्रिम बौद्धिकता (एआई)को सकारात्मक प्रयोगले छिटो परिवर्तन ल्याउन सक्ने हुँदा सो प्रविधिलाई भूव्यवस्थापनको पक्षमा उपयोग गर्ने ठोस योजना बनाउनु आवश्यक छ।

नेपालमा ऐतिहासिक परिवर्तनपछि समाजवादी राज्यव्यवस्थाको आधारशिला निर्माणतर्फ उन्मुख रहेको यस घडीमा अर्थव्यवस्थामा प्रमुख अवरोधकका रूपमा रहँदै आएको सामन्ती भूस्वामित्व पद्दतिमा आमूल परिवर्तन नगरेसम्म मुलुकमा सुशासन, सामाजिक न्याय र समृद्धि हासिल हुनसक्ने देखिन्न । भूमिको स्वामित्व व्यवस्थापन हुँदा खण्डीकृत जग्गाको एकीकरण भई उत्पादकत्व वृद्धि, भूमिहीनताको अन्त्य, जग्गाको सहज उपलब्धता, भूमाफिया विचौलिया र दलाली नियन्त्रण गर्न योगदान पुग्ने देखिन्छ।

यसबाट नै शहरीकरण एवं आवास बसोबास व्यवस्थित गरी पुँजीको उत्पादनशील क्षेत्रमा परिचालन गर्न सकिने हुन्छ । तबमात्र समुदायमा स्रोतको न्यायपूर्ण वितरण भई असमानतामा कमी आउने र समुदायले आर्थिक सामाजिक लाभको प्रत्यक्ष अनुभूत गरी लोककल्याणकारी राज्यको परिकल्पना सार्थक हुनेहुँदा भूमिमा सामूहिक स्वामित्व कायम गर्न वाञ्छनीय देखिएको हो। घटना र विचारबाट

# ३० अङ्कले बढ्यो नेप्से परिसूचक



काठमाडौँ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक मंगलबार ३० दशमलव ७६ अङ्कले बढेर तीन हजार दुई दशमलव ०७ विन्दुमा कायम भएको छ। नेप्से एक दशमलव ०३ प्रतिशतले बढेको हो।

३२१ कम्पनीको चार करोड १८ लाख आठ हजार ९६६ कित्ता सेयर एक लाख ५७ हजार ५२५ पटक खरिदबिक्री हुँदा रु १८ अर्ब ५२ करोड ९३ लाख २२ हजार ८८५ बराबरको कारोबार भएको छ।

कारोबारमा विकास बैङ्क, वित्त र व्यापार समूहको उपसूचक घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ।

मुक्तिनाथ कृषि कम्पनी लिमिटेड, ट्रेड टावर लिमिटेड, सान्भी इनर्जी लिमिटेड र नेडेप लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर आठ दशमलव ६० प्रतिशत छ। कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन डिस्टिलरी लिमिटेड रु ६४ करोड ४१ लाख ३८ हजार बराबरको सेयर खरिदबिक्री भएको छ।

सेयर संख्याका आधारमा भने सबैभन्दा धेरै प्रभु बैङ्क लिमिटेडको १८ लाख ५८ हजार २२३ कित्ता शेयर किनबेच भएको छ।

# यसरी राख्न सकिन्छ आफूलाई सकारात्मक



**१. कृतज्ञता अभ्यास गर्नुहोस्**

जुन चिजहरुसँग तपाईं कृतज्ञ हुनुहुन्छ उक्त चीजहरूको सूची बनाउनुहोस् । केहि चीजहरू लेख्नुहोस् जसले तपाईंलाई खुसी वा कृतज्ञ महसुस गराउँदछ।

**२. आफूलाई मनपर्ने कुरा गर्नुहोस्**

आफूलाई मनपर्ने कुरा गर्नुहोस् । जस्तो मनपर्ने पुस्तक पसलमा जानुहोस्, साथीहरूसँग कफीको आनन्द लिनुहोस्, पार्कमा साँझको पैदल यात्रा गर्नुहोस्, वा मनपर्ने पुस्तक पढ्नुहोस् । प्रत्येक दिन हेर्नको लागि केही निश्चित गर्नुहोस् । यसले तपाईंलाई सकारात्मक राख्न मद्दत गर्नेछ।

**३. आफूलाई महसुस गर्ने**

जब तपाईं तनाव वा महसुस गर्दै हुनुहुन्छ, केही गहिरो सास लिनुहोस् र वर्तमान क्षणमा फोकस गर्नुहोस् । ध्यान दिनुहोस् कि तपाईंको शरीर कस्तो महसुस गर्छ र तपाईं कुन आवाजहरू सुन्न सक्नुहुन्छ। एकचोटि तपाईंले आफ्ना विचारहरू पहिचान गर्न सिक्नुभयो भने, तपाईं सक्रिय रूपमा नकारात्मक विचारहरूलाई थप सकारात्मक विचारहरूसँग बदल्न सक्नुहुन्छ।

**४.हास्नुहोस्**

यदि तपाईं खुसी महसुस गर्नुहुन्न भने पनि, आफैँलाई मुस्कुराउन बाध्य पार्नुले वास्तवमा तपाईंलाई राम्रो महसुस गराउन सक्छ।

मुस्कानले तपाईंको दिमागमा रसायनहरू निस्कन मद्दत गर्दछ जसले तपाईंलाई खुशी र आराम महसुस गराउँछ।

अन्वेषकहरूले फेला पारेका छन् कि मुस्कानले मात्र सकारात्मक भावनाहरू उत्पन्न गर्न मद्दत गर्दैन, यसले मानिसहरूलाई संसारलाई अझ सकारात्मक दृष्टिकोणबाट हेर्न मद्दत गर्दछ । तपाईं निराश महसुस गर्दै हुनुहुन्छ भने केहि मिनेटको लागि मुस्कुराउने प्रयास गर्नुहोस् र हेर्नुहोस्।

**५. आफूलाई खुसी बनाउने चीजहरू कल्पना गर्नुहोस्**

आफूलाई खुसी पार्ने चिजहरू, आफूले बिताएको रमाइलो समय याद गर्नाले पनि सकारात्मक रहन मदत गर्छ।

**६. कम्तिमा आठ घण्टासम्म सुत्नुस्**

जस्तोसुकै व्यस्त हुनुहुन्छ भने पनि पर्याप्त निद्राका लागि समय छुट्याउने गर्नुपर्छ । छदेखि आठ घण्टासम्म दिनहुँ सुत्नुभएन भने तपाईंको मन स्वस्थ रहन सक्दैन । जसले तपाईंलाई नकारात्मकता तिर लैजान सक्छ।

**७. नियमित व्यायाम गर्नुस्**

योग, व्यायाम नियमित गर्ने गर्नुभयो भने शरीरमा अक्सिजनको 'इन्टेक' बढ्छ । रगतमा अक्सिजनको मात्रा बढ्यो भने यसले तपाईंलाई आलस्य, चिन्ता, तनावबाट मुक्त हुन मद्दत गर्छ । जसले तपाईंलाई सकारात्मक रहन मदत गर्छ। स्वास्थ्य खबरबाट

# तराईबाट पहाड उक्लँदै विषालु सर्प, अस्पताल नपुग्दै ८० प्रतिशतको जान्छ ज्यान

बुटवल। 'मेरो नाम जमुना अर्याल हजुर।' टेकु अस्पतालको वार्डमा सुतिरहेकी अर्यालले आफ्नो परिचय दिँदा शरीर कामिरहेको थियो। धादिङबाट आएकी जमुनाका आँखामा अझै पनि सर्पले डसेको त्यो दिनको डरलाग्दो छायाँ यथावत छ। धार्मिक चलनअनुसार साउन महिनाको सोमबार शिवको पूजाका लागि गाउँका दिदीबहिनी जम्मा भएका थिए। कसैले भित्र पसेर पूजा गर्न थाले, कोही नजिकै फूल टिप्नतिर लागे। जमुना मन्दिर वरिपरिका झार उखेल्न लागिन्। 'सुरुमा त के ले हात पोल्यो भन्ने लाग्यो,' उनी भन्छिन्-'तर जब हेरेँ, सर्प त हातमै झुन्डिएको देखियो।'

सर्पले डसेको ठाँउबाट थोरै रगत बग्यो। सुरुमा सामान्य चोट ठान्दै घरमै साबुनपानीले धोएर बसिन्। तर केहीबेरमा डरलाग्दो गरी हात सुनियो। हतारहतार परिवारले धादिङ अस्पतालमा पुऱ्याए। पछि अवस्था जटिल हुँदै गएपछि चिकित्सकले टेकु अस्पताल रेफर गरे।

०००

काभ्रेको बेथानचोक गाउँपालिका-३ का ३४ वर्षीय रञ्जन लामालाई पनि ४ साउन बेलुकी साढे नौ बजेतिर सर्पले डस्यो। 'घर छेउमै रहेको धारामा पानी लिन गएको थिए,' अस्पतालको शैयामा पल्टिरहेका रञ्जन सम्झन्छन्-'चिसिक्क भएको थियो। यसो खुट्टामा हेरेको झुन्डिरहेको सर्प देखेँ।' गाउँका एक वृद्धका अनुसार उक्त सर्प आँधो जातको विषालु सर्प थियो। अस्पताल जान तुरुन्त सल्लाह कसैले दिएन। गाउँका जान्नेसुन्ने बाजेले जडीबुटी लगाउँदा निको हुने सल्लाह दिए।

'तर भोलिपल्ट नै फोका आउन थाले, खुट्टा सुन्नियो, भित्र गहिरो गरी पोल्न थाल्यो,' उनी सम्झन्छन्-'अनि बल्ल आफैं निर्णय गर्दै अस्पताल लागेँ।'

सर्पले डसेको ३५ घण्टापछि मात्र उनी टेकु अस्पताल आइपुगे। चिकित्सकले अवस्था हेरेपछि तत्काल एन्टीस्नेक भेनम सुरु गरे। रञ्जन र जमुना मात्रै होइन। वार्षिक देशभरि ९ हजारभन्दा बढी मानिस सर्पको डसाइबाट प्रभावित हुने तथ्यांक छ। तर स्वास्थ्य मन्त्रालयका अधिकारीका अनुसार उक्त तथ्यांक वास्तविक संख्याभन्दा न्यून हो। किनकि सर्पदंशका अधिकांश बिरामी अस्पताल नै आइपुग्दैन।

विषालु सर्प पहाडतिर बढ्दै छन्। जलवायु परिवर्तन, जंगल फँडानी, र तराईबाट काठ-दाउरा लैजाँदा उपत्यकासम्म विषालु सर्प छिरेका छन्। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांकअनुसार पछिल्ला वर्षमा विषालु सर्पको डसाइ बढ्दो क्रममा छ। 'तीन वर्ष अघिसम्म १० प्रतिशतसम्म मात्रै विषालु सर्पले डसेको पाइएको थियो,' महाशाखाका प्रमुख डा. चन्द्र भाल झाले भने-'तर अहिले अस्पताल आइपुगेका १८ प्रतिशत बिरामीलाई विषालु सर्पले डसेको पाइयो।' महाशाखाले उपलब्ध गराएको तथ्यांकअनुसार आर्थिक वर्ष २०७८/०७९ मा अस्पताल पुगेका ९ हजार ३४६ मध्ये ९६७ अर्थात् १०.३४ प्रतिशतलाई विषालु सर्पले डसेको थियो। यसैगरी आर्थिक वर्ष २०८०/८१ मा विषालु सर्पले १८ प्रतिशतभन्दा बढीलाई डसेको छ।

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका निमित्त उपकुलपति एवं सर्पदंश विशेषज्ञ डा. सञ्जीवकुमार शर्मा जलवायु परिवर्तनका कारणले विषालु सर्प पहाडतिर पनि पाइन थालेको बताउँछन्।

'तराईमा पाइने विषालु सर्पलाई पहाडतिर तापक्रम बढ्दै जाँदा बस्न सजिलो हुँदै गएको छ। जसका कारण सर्पको संख्या बढ्दै गएको छ,' डा. शर्मा भन्छन्-'पहिला अभिलेख हुँदैनथ्यो। आजभोलि त्यो क्रम बढेकाले पनि विषालु सर्पले डसेको बढी देखिएको हुनसक्छ।' सरकारसँग भने सर्पको डसाइका कारण ज्यान गुमाउनेको यकिन तथ्यांक छैन।

युनिभर्सिटी अफ जेनेभा, बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान र विश्व स्वास्थ्य संगठनले सन् २०२२ मा प्रकाशित एक अध्ययनले प्रत्येक वर्ष ३ हजार २२५ जनाको मृत्यु र ३७ हजार ६६१ वटासम्म सर्पदंशले (सर्पले डस्ने) घटना हुने गरेको देखाएको छ। डा. शर्मा यसलाई 'गम्भीर स्वास्थ्य चुनौती' मान्छन्। 'स्नेक बाइट इपिडिमियोलोजी इन ह्युमन एन्ड डोमेस्टिक एनिमल अक्रस द तराई रिजन इन नेपाल : अ मल्टी क्लस्टर 'र्यान्डम सर्भे' मा तराईका २३ जिल्लामा १३ हजार ८७९ घरपरिवारमा बसोबास गर्ने ६३ हजार ४५४ जनालाई सहभागिता गराइएको थियो। सबैभन्दा बढी सर्पले खुट्टाको गोलीगाँठोमा ६२ प्रतिशत, हात, नाडी र पाखुरामा ३९ प्रतिशत, घुँडामा ११ प्रतिशत र टाउको र घाँटीमा १ प्रतिशतलाई डस्ने गरेको छ। उक्त सर्भेले खेतबारीमा कृषिजन्य काम गर्ने ५८ प्रतिशतलाई सर्पले डस्ने गरेको देखाएको छ।

विज्ञका अनुसार गर्मी मौसममा सर्प बढी बाहिर निस्कने हुँदा खेतबारीमा काम गर्दा सर्पको डसाइबाट कृषिजन्य काम गर्ने मानिस बढी प्रभावित हुने गरेका छन्। जसमध्ये एक हुन् - भक्तपुरमा अस्थायी बसोबास गर्दै आएकी धनमाया विश्वकर्मा। घाँसको भारी बोक्ने क्रममा कान्लामा समातेर उठ्दा उनलाई सर्पले डस्यो। 'खेती किसानी गर्ने हामी घाँस काट्नै पऱ्यो। डस्ने बित्तिकै हात भारी भयो। पोलिरहेको महसुस भयो र तुरुन्तै अस्पताल आएँ।'- धनमायाले भनिन्।

सर्पदंशको जोखिममा रहेका नागरिकमध्ये अधिकांश गाउँघरमा बसोबास गर्ने किसान र आर्थिक रूपमा विपन्न वर्गका छन्। तर उनीहरूको समस्याप्रति नीति निर्माण तहमै पर्याप्त संवेदनशीलता नदेखिएको स्वास्थ्य विज्ञ बताउँछन्।

डा. शर्माका अनुसार ग्रामीण भेगमा सर्पको जोखिम अत्यधिक छ। तर प्रभावकारी उपचार सुविधा छैन, त्यसको साथै राज्य पनि संवेदनशील छैन।

'सर्पदशंको समस्या गरिब जनतामा बढी हुन्छ। त्यही भएर होला, यसले पाउनुपर्ने महत्त्व पाएको छैन,' डा. शर्माले भने-'गरिब, विपन्न वर्ग नीति निर्माताका अगाडि आफ्ना समस्या राख्न सक्दैनन्। सर्पदंशका कारण भोगिने पारिवारिक र आर्थिक पीडालाई नीतिगत तहले गम्भीर रूपमा लिएको देखिन्न।'

घर र बाटोमै ८० प्रतिशतको मृत्यु

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल (टेकु) का कसन्लटेन्ट फिजिसियन तथा सर्पदंश उपचार विज्ञ डा. मिलन बज्राचार्यका अनुसार सर्पदंशसँग जोडिएका मृत्युका पछाडि समयमै अस्पतालमै नआइपुग्नु मुख्य कारण देखिन्छ। अहिले पनि झारफुकको पछि लाग्ने र निर्णय लिन ढिला गर्ने जस्ता कारणले गर्दा धेरै बिरामी अस्पतालसम्म आइपुग्न पाउँदैनन्। उनी भन्छन्-'झन्डै ४० प्रतिशतको घरमै, ४० प्रतिशत अस्पताल ल्याउने क्रममा र २० प्रतिशत अस्पतालमा मृत्यु हुने गरेको छ।'

त्यसमा पनि विषालु सर्पले डसेको बिरामीलाई आइसीयू, भेन्टिलेटरसहितको विशेषज्ञ सेवा आवश्यक छ। तर अधिकांश सरकारी अस्पतालमा आइसीयू बेड नै पाउन मुस्किल हुन्छ। त्यसमाथि विषालु सर्पले डसेको उपचार गर्न एक लाखभन्दा बढी खर्च लाग्छ। गरिब, विपन्न परिवारले खर्च जुटाउँदै गर्दा घरमै मृत्यु भइसकेको हुन्छ।

कस्ता सर्प विषालु

नेपालमा ९० प्रजातिका सर्प अभिलेख भएको पाइन्छ। जसमध्ये १७ प्रजातिका सर्प विषालु मानिन्छन्। नेपालमा करेत, कोब्रा र बाघे सर्प (रसेल्स भाइपर) बढी विषालु मानिन्छन्। यी 'बिग थ्री' भनेर चिनिने सर्पको डसाइले गम्भीर असर पार्छ र मृत्युको सम्भावना उच्च बनाउँछ। सर्पदंशबाट प्रभावित हुनेमा तराईका जिल्ला धेरै छन्। सरकारी निकायका अनुसार २६ जिल्ला अति प्रभावितभित्र पर्छन्। त्योमध्ये २० वटा जिल्ला तराईका छन् भने चार वटा जिल्ला भित्री मधेश र पहाडमा पर्छन्।

सर्पदंश विशेषज्ञ अनुसार सर्पले डस्नेबित्तिकै मानिस आत्तिने र डराउने धेरै हुन्छ। तर, सबै सर्पले डस्दैमा जोखिम हुँदैन। ८० प्रतिशत सर्प विष नलाग्ने हुन्छन्। २० प्रतिशत तल मात्र विषालु हुन्छन् र १० प्रतिशतलाई उपचार गर्नुपर्ने हुन्छ। सर्पले कसैलाई अकारण डस्दैन। जब ऊ आफूलाई खतरा महसुस गर्छ, तब मात्र डस्छ। त्यसैले सर्पदंशबाट बच्न प्राथमिक उपाय भनेकै मानिसले सचेत रहनुपर्ने कुरामा डा. शर्मा जोड दिन्छन्। 'सर्पले पहिला आक्रमण गर्दैन, न त उसले डसेर अघाउँछु भनेर पनि आउँदैन,' डा. शर्मा भन्छन्-'आफूलाई थ्रेटनिङ (खतरा) महसुस गर्छ, तब मात्र डिफेन्सिभ बाइट गर्छ। त्यसैले हामीले सुरक्षात्मक व्यवहार अपनाउनु आवश्यक छ।' उनका अनुसार नेपालमा दुई किसिमको सर्पदंश धेरै देखिन्छ - रात र दिउँसोमा।

सर्पले डसेपछि डोरीले कस्ने पुरानै अभ्यास अझै कायम छ, जसले शरीरको अंग नै काट्नुपर्ने अवस्था आउन सक्छ। सर्पले टोकेपछि शरीर नचलाउने, आत्तिन नदिने र तुरुन्त अस्पताल लैजाने विधि अझै प्रचार र अभ्यासमा ल्याउन सकिएको छैन। रातको समयमा करेतले डस्ने गर्छ। मानिस भुइँमा सुतेको अवस्थामा हात वा खुट्टा करेतसँग ठोक्किन पुग्दा डसाइ हुने गर्छ। त्यसैले राति झुल टाँगेर सुत्ने बानीले यस्तो दुर्घटना टार्न सकिन्छ। गोमन सर्पको डसाइ मुख्यतया दिउँसो हुन्छ। गोमन प्रायः दिनको समयमा काम गरिरहेकै बेला टोक्ने गर्छ। डा. बज्राचार्य भन्छन्-'त्यसैले घर वरपर सर्प लुकेर बस्न सक्ने स्थान सफा पार्नुपर्छ।' तर काठमाडौं उपत्यकालगायत पहाडी जिल्लाको सन्दर्भ भने फरक छ। यहाँ देखिने सर्पदंशका अधिकांश केस हरियो पिट भाइपर (हरेउ) र माउन्टेन पिट भाइपरबाट हुन्छ। 'यी सर्पको विषले रगत पातलो बनाउँछ, तर ज्यान लिने खालको हुँदैन,' डा. ब्रजाचार्य भन्छन्-'तर उपचारमा एन्टीस्नेक भेनम (प्रतिविष) ले काम गर्दैन। सपोर्टिभ उपचार मात्र गर्न सकिन्छ।' यसले शरीरका हातखुट्टामा सुनिने, फोका, र रगत जम्ने प्रणालीमा गडबडी ल्याउने गर्दछ। कहिलेकाहीँ त रगत नै चढाउनुपर्ने अवस्था आउँछ। हरियो पिट भाइपर डसाइले धेरैजसो मृत्यु नभएको भए पनि, दीर्घरोगी, मिर्गौला, दम वा पेटसम्बन्धी अल्सर भएका बिरामीमा गम्भीर असर देखिएको उनले बताए। 'यस्ता बिरामीमा जटिलता उत्पन्न भएर मृत्युका पनि केसहरू देखेका छौं,' डा. ब्रजाचार्य भन्छन्-'त्यसैले यसको व्यवस्थापन अलि जटिल हुन्छ।'

काठमाडौंमै देखिन थाले विषालु सर्प, स्कुल र घरबाट रेस्क्यु

वर्षा लागेसँगै काठमाडौं उपत्याकामा पनि सर्पदंशका घटना बढेका छन्। आजभोलि टेकु अस्पतालमा दैनिक सरदर सातदेखि १० जना सर्पदंशका बिरामी आउने गरेका छन्। सन् २०२५ लागेयता ४५८ जना सर्पदशंका बिरामी अस्पताल आएको तथ्यांक छ। त्यस्तै प्रत्येक वर्ष सर्पदंशका केस पनि बढिरहेको तथ्यांकले देखाउँछ। सन् २०२२ मा २८३, सन् २०२३ मा ३०४ र सन् २०२४ मा ५७६ जना सर्पले डसेर टेकु पुगेका थिए। डा. ब्रजाचार्य विषालु सर्पको संख्यामा वृद्धि हुनुको कारणमध्ये जंगल फँडानी, शहरी बसोबास विस्तार, तराईबाट काठ र मुढाको ट्रान्सपोर्ट र जलवायु परिवर्तन रहेको औंल्याउँछन्।

मानिसले सर्पको प्राकृतिक वासस्थानमा अतिक्रमण गर्दा यस्ता घटना बढ्दै गएको उनको विश्लेषण छ। 'जताजतै विषालु सर्प छन्, तर हामीले जंगल फँडानी गरेर उनीहरुको वासस्थानमा घर बनाइरहेको छौं,' डा. ब्रजाचार्य भन्छन्-'जसले गर्दा विषालु सर्पको डसाइ बढिरहेको छ।'

डा. शर्माका अनुसार काठमाडौं उपत्यकामा विगतमा पनि गोमन वा राजगोमन देखिएको इतिहास छ। 'यस्ता विषालु सर्प जंगलमा बस्ने भएकाले भेटिन मुस्किल हुन्थ्यो,' डा. शर्मा भन्छन्-'तर अहिले तराईबाट काठ र मुढाको ट्रान्सपोर्ट गर्दा भित्रिएकाले उपत्यकामा पनि विषालु सर्पको संख्या बढेको हुनसक्छ।' सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, काभ्रेपलाञ्चोक,काठमाडौं उपत्यकाबाट पनि विषालु सर्पदंशका बिरामीहरू आउने गरेको डा. ब्रजाचार्य सुनाउँछन्। जसको एक उदाहरण हो- गत वर्ष सिन्धुपाल्चोकबाट कोब्रा सर्पको डसाइबाट एक बिरामी टेकु अस्पताल आइपुगेका थिए। 'ती बिरामीले आफूलाई डस्ने कोब्रा सर्प जिउँदै बोकेर अस्पताल ल्याएका थिए,' त्यस दिनको घटना सुनाउँदै डा. ब्रजाचार्य भन्छन्-'बिरामीलाई आइसीयूमा राखेर एक दिन निगरानी गर्दा विष लागेको कुनै पनि लक्षण देखिएन। भोलिपल्ट उनलाई डिस्चार्ज गरियो।' पछि काठमाडौंका सर्प उद्धारकर्तालाई बोलाएर उक्त सर्पलाई नजिकैको जंगलमा छोडिएको थियो। सर्प उद्धारकर्ता सुवोध आचार्यका अनुसार केही वर्षयता काठमाडौं, भक्तपुर, ललितपुर, मकवानपुर र काभ्रे जस्ता जिल्लामा गोमन, किङ कोब्रा जस्ता विषालु सर्प नियमित रूपमा फेला परिरहेका छन्। आँखाको लोती झर्नु, जिब्रो नचल्नु, घाँटी नउठ्नु जस्ता लक्षण देखिएपछि तुरुन्त अस्पताल जानु आवश्यक हुन्छ। तर धेरै अवस्थामा समयमै अस्पताल पुग्न नपाएकै कारण ८० प्रतिशतको मृत्यु घर र बाटोमै हुने गरेको छ।

आचार्यले काठमाडौं उपत्यका र आसपासका जिल्लाबाट उनले पछिल्लो तीन वर्षमा मात्रै ८० भन्दा बढी किङ कोब्रा उद्धार गरिसकेका छन्। किङ कोब्रा विश्वकै सबैभन्दा लामो र विषालु सर्प हो। यसले सर्प नै सिकार बनाउँछ।

उनका अनुसार काठमाडौंमा फेला पर्ने गोमन सर्प भने मोनोकोल्ड प्रजातिको हो, जुन कालो र खाल्डो आकारको हुन्छ। यस्ता सर्प काठमाडौंमै अनुकूल मौसम, तापक्रम तथा बासस्थान पाएपछि बसोबास गर्न थालेका हुन्। मोनोकोल्ड गोमन भन्ने सर्प तराई र पहाड दुवैमा पाइन्छ। तर तराईमा पाइने गोमन भनेको अर्को प्रजातिको हुन्छ। जसलाई स्पेक्टकल कोब्रा भन्छन्, जुन काठमाडौंमा देखिँदैन। 'अहिले दक्षिणकाली, काभ्रेस्थली, गोकर्ण, नागजुङमा किङ कोब्रा समेत देखिएको छ,' उनी भन्छन्-'रेस्क्यु गरिएकामध्ये केही त स्कुल र घरभित्रै भेटिएका थिए।'

काठमाडौं उपत्यकामा सर्पको टोकाइबाट अस्पताल पुग्ने घटनामध्ये सबैभन्दा बढी पिट भाइपर (हरियो र आँधो सर्प) का केस देखिन्छन्। 'यस्ता सर्पले टोक्दा ज्यान जाँदैन, तर उपचार नगरिए अंग कुहिने, छाला च्यातिने, हात खुट्टा झर्ने अवस्थासमेत आउन सक्छ।'- उनी भन्छन्। असार र साउनको मनसुन महिनामा सर्पको सक्रियता बढी हुने भएकाले खेतबारीमा घाँस काट्न जाँदा वा रातमा बाटो हिँड्दा सर्प देखिने सम्भावना धेरै हुने उनी बताउँछन्।

कपडा वा डोरीले कसिलो बाँध्नु नै जोखिम

सर्पदंशसम्बन्धी जनचेतनाको अभाव अझै ठूलो चुनौतीका रूपमा देखिएको छ। सर्पहरूको बिगबिगी हुने समयमा पनि मानिस खाली खुट्टै खेतमा काम गरिराखेका हुन्छन्। सर्पले डसेपछि घरमै रोकथाम गर्ने प्रक्रिया पनि गलत छ। सर्पले टोकेको ठाउँभन्दा माथिल्लो भागलाई डोरी, कपडा वा रबरले कसिलो बाँध्नु जोखिमपूर्ण हुन्छ। डा. ब्रजचार्यका अनुसार विषालु सर्पले मासुमा विष छोड्ने भएकाले लिम्फ्याटिक प्रणालीमार्फत् फैलन्छ। सर्पले डसेपछि मानिसले आँखा, स्नायु प्रणाली, रगत, मुटु र फोक्सोमा बढी असर गर्छ।

'कसिलो बाँध्दा विष फैलिन रोक्दैन, बरु रक्तसञ्चार बन्द गरेर अंग काट्नुपर्ने अवस्था ल्याउँछ,' डा. ब्रजाचार्य भन्छन्, 'जसमा टोकेको भाग चल्न नदिने र जतिसक्दो चाँडो सर्पदंश उपचार केन्द्रमा लैजानुपर्छ।' झारफुक, आयुर्वेद वा परम्परागत उपचारका माध्यमबाट समय खेर जानु नै प्राणघातक हुनजान्छ।

**विषालु सर्पको पहिचान र लक्षण**

विषालु सर्पले टोकेको भएता पनि सधैं पूर्णरूपले विष नछोड्न सक्छ। नेपालमा पाइने विषालु सर्पहरूमध्ये करेटको डसाइ पहिचान गर्न कठिन हुने र समयमै उपचार नपाउँदा मृत्युको जोखिम बढी हुन्छ। किनकि करेटले टोकेको घाउ अत्यन्त सानो हुने र कहिलेकाहीँ डामसमेत नदेखिने हुँदा धेरैले यसलाई सामान्य किराले टोकेको ठानेर बेवास्ता गर्छन्। 'करेटले डसेको ठाउँमा कहिलेकहीँ सामान्य किराले टोकेको जस्तो सानो घाउ मात्र हुन्छ। जसले गर्दा बिरामीलाई टोकेको थाहै नहुन सक्छ,' डा. ब्रजाचार्य भन्छन्-'सुरुमा वाकवाकी लाग्ने र उल्टी हुने जस्ता लक्षण देखिन सक्छन्। त्यसको केही समयपछि बिस्तारै आँखाका लोती झर्दै जान्छन्।'

यस्ता लक्षणबारे ढिलो थाहा पाउँदा र अस्पताल पुग्न ढिलाइ हुँदा करेटको टोकाइबाट हुने मृत्युदर बढी भएको उनको भनाइ छ। डा. ब्रजाचार्यका अनुसार, गोमन (कोब्रा) को डसाइमा प्रतिविष (एन्टी-भेनम) ले जति प्रभावकारी काम गर्छ। करेटको डसाइमा त्यति राम्रो काम नगर्ने हुँदा यसको उपचार पनि तुलनात्मक रूपमा जटिल र चुनौतीपूर्ण छ। विशेषगरी तराई क्षेत्रमा गम्भीर स्वास्थ्य चुनौती बनेको छ।

सर्पदंशको मुख्य लक्षणहरूमा आँखाको लोती तल झर्नु, आँखाको ढकनी माथि उठाउन नसक्नु, बिरामीको होस कम हुनु, जिब्रो बाहिर निकाल्न नसक्नु र घाँटी उठाउन नसक्नु हो। सर्पदंशको घटनापछि सबैभन्दा पहिले आत्तिनु हुँदैन। आत्तिएपछि हातखुट्टा चलाइन्छ र झन् त्यो विष फैलिने सम्भावना बढ्छ।

'यस्तो अवस्थामा विष बिस्तारै माथिबाट तल फैलिँदै जान्छ। यसले प्यारालाइसिस गराउँछ जुन शरीरको माथिल्लो भागबाट सुरु भएर बिस्तारै तल फोक्सोसम्म पुग्छ,' डा. ब्रजाचार्य भन्छन्-'त्यसैले जतिसक्दो चाँडो सर्पदंश केन्द्रमा लैजानुपर्छ।'

## डिंगरनगर...

आफ्नो नाममा रहेको जायजेथा समेत तानिने डरले उनीहरूले सम्बन्धविच्छेदको लागि अदालतमा निवेदन दिएको भन्दै बचतकर्ताहरूले सचिवले जस्तै गर्नसक्ने भन्दै अध्यक्ष र सचिवको घर पनि घेराउ गर्दै आएका छन्।

२०५० सालमा स्थापित यो सहकारीको ३८ करोड रुपैयाँ पुँजी रहेको बताइन्छ।

बचतकर्ता चेतबहादुर बस्नेत अध्यक्ष तिवारी १७ वर्षदेखि अध्यक्ष पदमा रहेका र सञ्चालक समितिमा एउटै दलका मान्छेको वर्चस्व रहेकाले मिलेमतोमा बचत अपचलन भएको बताउँछन्।

प्रदेश सहकारी ऐन, २०७६ को दफा ३७ को उपदफा (१) मा, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन नपाउने व्यवस्था छ।

यो ऐन बन्नुभन्दा अगाडि पनि नेतृत्वमा दुई कार्यकालभन्दा बढी बस्नु संघीय कानुनविपरीत छ। तर स्थानीय कांग्रेस नेता तिवारी राजनीतिक शक्तिको आडमा ऐनलाई कुल्चेर यो सहकारीमा १७ वर्षदेखि अध्यक्ष पदमा छन्।

अध्यक्ष र सचिव थापाले घडेरी, होटल तथा चुनढुंगा खानीमा लगानी गरेको सेयर सदस्यहरुको दाबी छ।

अध्यक्ष तिवारीले संस्थाको करिब ६ देखि ८ करोड, सचिव रामबहादुर थापाले ३ करोडभन्दा बढी र सञ्चालक सदस्य सनत गौतमले १ करोड २५ लाखभन्दा बढी रकम अपचलन गरेको आशंका छ। बचतकर्तालाई रकम फिर्ता दिने निर्णयको माइन्युट नै च्यातेर फरार भएपछि उनीहरूले अरु रकम पनि हिनामिना गरेको अनुमान छ।

लेखापरीक्षकलेदिने अन्तिम प्रतिवेदनपछि मात्र कति हिनामिना भएको यकिन हुने सहकारीका कोषाध्यक्ष सुरेन्द्र बज्राचार्यले बताए।

सहकारी ऐन, निर्देशन तथा मापदण्डअनुसार सहकारीका सञ्चालकले बचत रकमको पाँच गुणा वा बढीमा पाँच लाखमध्ये जुन कम हुन्छ, सो बराबरको रकम मात्र बिनाधितो ऋण लिन सक्छन्।

यसरी बिनाधितो कर्जा प्रवाह गर्दा कम्तीमा दुई जना सदस्यहरूको जमानी लिनुपर्ने व्यवस्था छ। तर यो सहकारीमा ऐनविपरीत बचत अपचलन भएको छ।


### कम्पनीको नाम परिवर्तन भएको जानकारी

प्रथम पटक प्रकाशित मितिः २०८२।०४।१४

हाम्रो कम्पनी दर्ता नं. २६७३१९/०७८/०८९ तिलोत्तमा-५, मणिग्राम, रुपन्देहीमा रहेको (मणिग्राम अटो कल्ब प्रा.लि.) को २०७८/०८/२५ गते बसेको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु/व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तत नामको कम्पनीले सकार्ने/ व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८।०८।२५ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन भई यही मिति २०७८।०९।०१ बाट (मणिग्राम अटो क्लव प्रा.लि.) भएको सर्वसाधारणको लागि जानकारी गराउँदछौ।

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम प्रकाशित मिति : २०८२/०४/१४

यस सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लि. को लागि कर्मचारी आवश्कता भएको हुँदा सहकारी क्षेत्रमा कार्य गर्न इच्छुक तपसिल बमोजिमका योग्यता पुगेका नेपाली नागरिकहरुलाई दरखास्त दिनुहुन आव्हान गरिन्छ।

तपसिल

पद : संकलक ( कलेक्टर )
संख्या : १ जना
न्यूनतम शैक्षिक योग्यता : प्रविणता प्रमाणपत्र तह (+२) उत्तीर्ण।
उमेर : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको।
विशेष अनुभव : कुनै बैंक वित्तीय संस्था वा सहकारी संस्थामा एक वर्ष कार्य गरेको साथै कम्प्युटर सम्बन्धी आधारभूत तालिम प्राप्त गरेको।
कार्यक्षेत्र : गैडहवा गाउँपालिका, रुपन्देही।
संलग्न कागजातहरु : निवेदनको साथमा नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्र, कम्प्युटर तथा अन्य तालिमको प्रमाणपत्र।
सेवा सुविधा : संस्थाको नियमानुसार।
परीक्षाको किसिम : मौखिक र प्रयोगात्मक।
आवेदन दिने अन्तिम मिति : २०८२/०४/२० गते ४:०० बजेसम्म।
परीक्षा हुने मिति : छनौट सूचीमा परेकालाई मौखिक र प्रयोगात्मक परीक्षाका लागि २०८२/०४/२० गतेपछि जानकारी गराईनेछ।
ईमेल : smslbtl@gmail.com मार्फत पनि पेश गर्न सकिनेछ।

"कुनै जानकारी गराई वा नगराई विज्ञापन रद्द गर्ने अधिकार यस संस्थामा निहित रहनेछ।"

पदपूर्ति उप समिति
सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लि.
बुटवल-९, मिलनचोक,रूपन्देही


लुम्बिनी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
**सडक पूर्वाधार विकास कार्यालय**
तम्घास, गुल्मी।

### प्राविधिक प्रस्ताव स्वीकृत/ आर्थिक प्रस्ताव खोल्ने सुचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०४/१४

यस कार्यालयबाट मिति २०८२/०१/२१ गते नव तिलोत्तमा राष्ट्रिय दैनिक साथै www.bolpatra.gov.np/egp मा प्रकाशित सुचना अनुसार देहाय कार्यका लागी निर्धारित समय भित्र दर्ता भएका बोलपत्रहरु खोलि प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई सफल भएका हुदाँ निम्न स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोल्ने गरी प्राविधिक प्रस्ताव स्वीकृतको लागि छनौट भएको हुदाँ सम्बन्धित सबैको जानकारिको लागि सार्वजनिक खरिद नियमावली २०६४ को (चौधौं संशोधन) को नियम ३१ (ज) को उपनियम ५ बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

| S.N | Name of Project | Contract ID | Substantially Responsive Bidder in Technical Evaluation | Opening Date, Time & Venue |
|---|---|---|---|---|
| 1 | Fabrication, Supply, Transportation, Construction and Erection of Chaldi Khola Trail Bridge, Isma 2, Gulmi Through Construction Turnkey Packages (CTP) | RIDO/ GUL/W/NCB/ TB/134/097/081-82 | Upper Tamakoshi Builders Pvt. Ltd., Kathmandu. | Date: 2082/04/21 Time: 11:00 AM Venue: RIDO, Gulmi |
| | | | Lekhraj Nirman Sewa Pvt. Ltd., Kathmandu | |
| | | | D Gautam-Prasansa JV, Kathmandu | |
| | | | D.B – Sharmila JV, Surkhet. | |
| | | | Aastha – Samjana JV, Sunsari. | |


### ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

### ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

### ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**बेनीमा लाखे नाच प्रस्तुतः**
म्याग्दीको सदरमुकाम बेनीमा मङ्गलबार साँझ लाखे नाच प्रस्तुत गर्दै ल्याम पुःचका कलाकार। बेनीमा हरेक वर्षको घण्टाकर्णदेखि हरितालिका तीज पर्वसम्म बर्खेनाचअन्तर्गत विभिन्न मौलिक नृत्यहरु प्रस्तुत गर्ने चलन छ। तस्विरः सन्तोष गौतम/रासस

# ३६ लाख दिएर दुई करोड असुल्ने व्यवसायी र बैंक कर्मचारी थुनामा



**रामकुमार श्रेष्ठ**
*नवलपुर*

मिटरब्याज, जालसाजी, किर्ते हस्ताक्षर र ठगिको कसुरमा मुद्दा चलेका कावासोतीका व्यवसायी अमृत भुसालसहित दुई जनालाई नवलपुर जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाएको छ। कावासोती २ इन्द्रचोकका ३९ वर्षीय अमृत भुसालसहित ४ जनाविरुद्ध मुद्दा दायर भएको थियो।

त्यसैगरी भुसाललाई किर्ते हस्ताक्षर गरी चेकबाट रकम झिक्न सघाउने प्रभु बैंक (साविक सेन्चुरी विकास बैंक) चोरमारा शाखाका प्रमुख राजेश खरेललाई पनि पुर्पक्षेका लागि थुनामा पठाएको छ। भुसाल, भुसालकी श्रीमती सविता काफ्ले, प्रभु बैंक (साविक सेन्चुरी विकास बैंक) चोरमारा शाखाका प्रमुख राजेश खरेल र लक्ष्मी सनराइज बैंक, चितवनमा कार्यरत सविता अर्यालविरुद्ध मिटरब्याज, हस्ताक्षर किर्ते, जालसाजी र ठगिको कसुरमा मुद्दा दायर भएको जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रमुख, प्रहरी उपरीक्षक यादव ढकालले जानकारी दिए।

प्रहरी उपरीक्षक ढकालका अनुसार पक्राउ परेका २ जनाको वहस सकिएपछि उनीहरुलाई थुनामा पठाएको हो।

मुद्दा दर्तासँगै भुसाल र खरेललाई मध्यविन्दु नगरपालिका-७ का रामप्रसाद महतोको जाहेरीका आधारमा प्रहरीले पक्राउ गरेको थियो। दुई जना अझै फरार छन्।

बैंकका कर्मचारीहरु खरेल र अर्यालले चेकमा किर्ते हस्ताक्षर गरेर रकम निकाल्न भुसाललाई सहयोग गरेको अभियोग लगाइएको छ। किर्ते र ठगी मुद्दामा भुसालकी श्रीमती सविता काफ्लेविरुद्ध पनि पक्राउ पुर्जी जारी भएको र काफ्लेलाई पक्राउ गर्न नसकिएको ढकालले बताए।

भुसालले मध्यविन्दु नगरपालिका-७ मा रामप्रसाद महतोलाई ऋण दिएर मिटरब्याज लगाई किर्ते हस्ताक्षरसमेत गरेर दुई करोड रुपियाँ ठगेको र जग्गासमेत हडपेको प्रमाण फेला गरेपछि भुसाल र खरेललाई प्रहरीले केही दिन अघि पक्राउ गरेको थियो।

भुसाललाई यसअघि गत साउन २७ गते पक्राउ गरिएको थियो। नवलपुर जिल्ला अदालतले २४ दिनपछि भुसालका बारेमा थप अनुसन्धान गर्नु पर्ने भन्दै हारिजी जमानीमा छोडेको थियो। पछि प्रहरीले प्रतिवेदन बुझाउँदा पुरक अनुसन्धान गर्नुपर्ने भन्दै जिल्ला सरकारी वकिलको कार्यालयले प्रहरीको प्रतिवेदन बुझ्न मानेको थिएन। त्यसपछि प्रहरी निरन्तर प्रमाणहरु सङ्कलनमा जुटेको थियो। झण्डै एक वर्ष लगाएर पुरक अनुसन्धान गरी थप प्रमाणसहित प्रतिवेदन सरकारी वकिलको कार्यालयमा पेश गरेको थियो।

नवलपुर जिल्ला अदालतका न्यायाधिष वेदप्रकाश कोइरालाको इजालासले भुसाल र खरेललाई पुर्पक्षेका लागि धुनामा पठाउने आदेश दिएको नवलपुर जिल्ला अदालतका स्रेष्तेदार गम्भीर घिमिरेले जानकारी दिए।

२०७६ जेठमा रामप्रसाद महतोले व्यापार गर्न भनेर अमृत भुसालबाट प्रतिदिन १५ हजार रुपियाँ ब्याज तिर्ने गरी १० लाख रुपियाँ लिए। त्यसमा ४० लाख थपिदिएर ५० लाख पुऱ्याइदिने र मासिक पाँच लाख रुपियाँका दरले ब्याज बुझाउने सर्त थियो। त्यही सर्त मञ्जुर गरेर महतोले मध्यविन्दु-७ को चार कठ्ठा छ धुर जग्गा भुसाललाई दृष्टिबन्धक गरिदिए। भुसालले उक्त जग्गा आफ्नी श्रीमती सविता काफ्लेको नाममा लिखत पारित गराए।

५० लाख पुऱ्याइदिने सर्त भए पनि भुसालले सुरुमा १० लाख, २०७६ असार २ गते १६ लाख ५४ हजार ६६२ रुपियाँ र अन्तिम पटक १० लाख गरी जम्मा ३६ लाख ५४ हजार ६६२ रुपियाँ मात्र महतोलाई दिएको देखिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख ढकालले बताए।

“पहिले दिएको १० लाखको सावाँ र चक्रवर्ती ब्याजसमेत जोडेर २० लाख ४५ हजार ३३८ रुपियाँ पुगिसकेको हुँदा सोसमेत गरी ५० लाख पुग्यो भनी भुसालले महतोसँग थप १० लाख मिटरब्याजमा लिएको देखिन्छ। त्यति मात्र होइन, उक्त रकमको छ महिनासम्म मासिक पाँच लाखका दरले २९ लाख छ हजार रुपियाँ महतोले भुसाललाई बुझाएको देखिन्छ।”- ढकालले भने।

जग्गा फिर्ता पाउने आसमा महतोले साढे ३६ लाखको चक्रवर्ती ब्याज स्वरूप ३२ लाख रुपियाँ बुझाएको प्रमाण रहेको प्रहरीको भनाइ छ। भुसालले जग्गा फिर्ता दिन नमानेपछि महतोले अदालतबाट जग्गा रोक्का त गराए, तर जग्गा अहिले पनि फिर्ता नभएको महतोको भनाइ छ।

महतोले भुसाललाई निरन्तर ब्याज बुझाउनुपर्ने थियो, तर कोरोना सुरु भइसकेपछि ब्याज बुझाउन नसक्दा महतोले छ महिनापछि भुसाललाई ३० लाखको चेक दिए। प्रहरीका अनुसार पुनः पाँच महिनापछि ६० लाख पुगिसक्यो भनेर भुसालले पहिलाको ३० लाखको चेक फिर्ता नगरी डर त्रास देखाई फेरि ६० लाखको चेक लिएका थिए।

महतोले सापटी लिएको रकम र सोको मिटर ब्याजसमेत जोडी ५० लाख पुग्यो भनिएको रकमको चक्रवर्ती ब्याजसहित पटक पटक गरी एक करोड ५७ लाख १५ हजार ४११ बैङ्क चेकबाट तथा ४४ लाख ५१ हजार एक सय रुपियाँ नगद गरी दुई करोड एक लाख ६६ हजार ५११ रुपियाँ भुक्तानी भुसालले लिएको प्रमाणहरूले देखाएको प्रहरीको दाबी छ।

**किर्ते हस्ताक्षर गरी रकम निकासा**

भुसालले रामप्रसादलाई ६९ लाख रुपियाँ बैङ्कमा हालिदिएको जानकारी गराए पनि महतोले भने आफूले ६९ लाख रुपियाँ माग्दै नमागेको रकम खातामा हालिदिएकोमा विश्वास नै नलागेको बताए। २०८० चैत २८ गते बैङ्क स्टेटमेन्ट निकाली हेर्दा साबिकको सेन्चुरी बैङ्क र हालको प्रभु बैङ्कमा रहेको आफ्नो न्यू प्रवासी सुपर स्टोर्सको खातामा २०७६ जेठ १२ मा ६९ लाख रुपियाँ जम्मा गरेको त देखियो, तर उक्त रकम जम्मा गरेको एक दुई मिनेटको अन्तरमा महतोका चार वटा चेक प्रयोग गरी भुसाल स्वयंले रामप्रसाद र श्रीमती रीता महतोको नाममा आफैं चेक काटी आफैंले रकम लिएको देखिएको प्रहरी उपरीक्षक ढकालको भनाइ छ।

चेकबाट पैसा निकाल्ने क्रममा भुसालले महतो र उनकी श्रीमतीको नक्कली हस्ताक्षर गरेको पुष्टि भइसकेको छ। ‘उक्त हस्ताक्षर विधिविज्ञान प्रयोगशालामा पठायौँ, तर प्रयोगशालाले भुसालले चेकमा गरेका सबै हस्ताक्षर महतो दम्पतीको नभई भुसालले नै गरेको नक्कली हस्ताक्षर हो भनी प्रमाणित गरेको छ।’-जिल्ला प्रहरी कार्यालय नवलपुरका तत्कालीन प्रमुख (हाल जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख) नरहरी रेग्मीले सोही बेलै भनेका थिए।

पीडित रामप्रसाद महतोले अब भने न्याय पाउने आशा जागेको बताए। ‘ऐन कानुन सानालाई मात्र लाग्ने रहेछ भन्ने लागेको थियो, तर प्रहरीले पुरक अनुसन्धान गरेर मुद्दा दर्ता गरेपछि ढिलै भए पनि अब न्याय पाइने भयो भन्ने महसुस भएको छ।’-महतोले भने।

# विपद्मा उद्धारका लागि सशस्त्रको वेश क्याम्प



गुल्मी। विपद्को समयमा उद्धारका लागि गुल्मीको चन्द्रकोटमा सशस्त्र प्रहरीको वेश स्थापना गरिएको छ। वर्षाको समयमा उत्पन्न हुनसक्ने बाढी र पहिरोलाई लक्षित गरी तत्काल उद्धार गर्ने उद्देश्यले चन्द्रकोट गाउँपालिका-८ मजुवामा वेश स्थापना गरिएको हो।

जिल्ला सुरक्षा समितिको निर्णयअनुसार सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयको निर्देशनमा सशस्त्र प्रहरी बल ३७ नं. गुल्म गुल्मीद्वारा मजुवामा रहेको मानका टीकाराम बहुमुखी क्याम्पसमा मनसुन प्रतिकार्य वेश स्थापना गरिएको सशस्त्र प्रहरी नायब उपरीक्षक सुदीप पछाईले जानकारी दिए।

सशस्त्र प्रहरी नायब निरीक्षक टोपबहादुर कुमालको कमाण्डमा २० जनाको टोली वेशमा खटिएको पछाईले बताए।

सशस्त्रको वेशमा विपद् व्यवस्थापनसम्बन्धी तालिमप्राप्त जनशक्ति परिचालन गरिएको छ। प्रहरी नायब उपरीक्षक पछाईले गोताखोर परिचालन गर्नुपर्ने अवस्थामा तत्काल जनशक्ति आवश्यक परेको खण्डमा सशस्त्रको ५ नं. विध्यबाहिनी मुख्यालयले पठाउने गरी समन्वय भएको जानकारी दिए।

जिल्ला सदरमुकामदेखि टाढा रहेको निर्वाचन क्षेत्र नं. १ का बस्तीहरूमा हुने विपद्लाई केन्द्रमा राखेर वेश स्थापना गरिएको हो। बाढी र पहिरोको उच्च जोखिममा रहेका मुसीकोट, गुल्मीदरबार, छत्रकोट, रुरुक्षेत्र, सत्यवती, चन्द्रकोटलगायत बडिगाड खोला किनारका बस्तीहरूमा तत्काल उद्धारको लागि सशस्त्रको वेश उपयुक्त देखिएको सशस्त्र प्रहरी नायब उपरीक्षक पछाईले बताए।

उनले अहिले पनि आफ्नो टोलीले कार्यक्षेत्रमा अवरुद्ध सडक सञ्चालनको लागि काम गरिरहेको जनाए।

जिल्ला प्रशासन कार्यालय गुल्मीका निमित्त प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरका अनुसार जिल्लामा तत्काल अवरुद्ध सडक सञ्चालन, बाढी र पहिरोको जोखिम स्थान पहिचान र सतर्कतालगायत कामका लागि नेपाल प्रहरी, नेपाली सेना र सशस्त्रको टोलीलाई तैयारी अवस्थामा राखिएको छ।

गुल्मीको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२ अनुसार जिल्लाका २०० भन्दा धेरै ठाउँहरू बाढी र पहिरोको जोखिममा रहेका छन्। बर्सातको समयमा जिल्लामा यस पटक २२ हजार नागरिक प्रभावित हुने अनुमान जिल्ला विपद् व्यवस्थापन समिति गुल्मीले गरेको छ।

# ३४ वर्ष पुरानो नहर पुनर्निर्माण



स्याङ्जा। जिल्लाको सबैभन्दा उर्बर भूमिचापाकोट क्षेत्रको सिँचाइ गर्न बनेको ‘चापाकोट टार सिँचाइ नहर’ पुनर्निर्माण गरिएको छ। ६० वर्ष अगाडि निर्माण सुरु भई ३४ वर्षदेखि सञ्चालनमा रहेको नहरमार्फत् चापाकोट नगरपालिका क्षेत्रका झण्डै १२ सय हेक्टर क्षेत्रफलमा सिँचाइ गरिँदै आएको छ।

५ करोडको लागतमा नहरको पुनर्निर्माण र व्यवस्थापन गरिएको चापाकोट टार सिँचाइ योजनाका अध्यक्ष कृष्णप्रसाद सुवेदीले जानकारी दिए। समथर भू-भाग रहेको चापाकोट र सो क्षेत्रलाई खेतीयोग्य जमिनको सिँचाइ सुविधा पुऱ्याउँदै आएको जीर्ण नहरको मर्मतपछि कृषकहरु उत्साहित भएका छन्।

चापाकोटका कृषक कमल पौडेलले नहरको मर्मतपछि आफूहरु खुसी र उत्साहित भएको बताए। ‘नहर जताततै चुहिने भएपछि पानी आउन छाडेको थियो, मर्मतपछि त्यो समस्या हटेको छ,’ पौडेलले भने-‘नहर मर्मतपछि बाँझो जमिनमा सिँचाइ सुविधा पाएसँगै धान रोपाइँ सकियो।’

नहरका ठाउँठाउँमा पहिरोले क्षति पुऱ्याएको थियो। नहरको माथिल्लो भागबाट ढुङ्गा र माटो झर्दा सिँचाइमा समस्या हुँदै आएको थियो। सघीय सरकारको ५ करोड अनुदानमा नहर मर्मत भएपछि चापाकोटका कृषकले सहज रुपमा सिँचाइ गर्न पाएका हुन्। नहर पहाडी भीरपहरा हुँदै निर्माण गरिएको हुँदा स्थानीय कृषकले हरेक वर्ष सिँचाइको समस्या भोग्दै आएका थिए। चापाकोट टार सिँचाइ नहर ज्याग्दी खोलामा बाँध बनाएर दार्सिङ्बाट सुरु गरी चापाकोटको समथर भू-भाग झण्डै २८ किलोमिटरको दूरीमा छ। २०२२ सालमा निर्माण सुरु भएको नहर २०४८ सालमामात्रै पूर्णरुपमा सञ्चलनमा आएको थियो। नहर निर्माणसँगै समथर भू-भाग रहेको चापाकोटको मुहार फेरिएको स्थानीय कृषक उत्तम आचार्यले बताए। नहर निर्माण हुनुअघि समथर भए पनि चापाकोट भूमिको उचित उपभोग हुन सकेको थिए। गएको वर्ष असारमा परेको अविरल वर्षाले नहरमा धेरै क्षति बनाएको थियो। गएको वर्ष राम्रोसँग धान रोप्न नपाएका कृषकले निर्बाध रुपमा धान रोपाइँ सकेको सिँचाइ योजना समितिले जनाएको छ।

धान रोपाइँ र उत्पादनमा समस्या नदेखियोस् भनेर समयमै नहर मर्मत गरिएको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय स्याङ्जाका प्रमुख किरण आचार्यले बताए। जिल्लाकै धेरै धानखेती हुने समथर भू-भागका कृषकलाई लक्षित गरेर समयमा नै धान रोप्न पाउने गरी पुनर्निर्माणको काम सकेको आचार्यले जानकारी दिए।

# कागती बिक्री नहुँदा किसान समस्यामा

दाङ। यहाँका किसान कागती बिक्री नहुँदा चिन्तित छन्। सहज रूपमा बजारीकरण नहुँदा धेरैजसो बारीमै कुहिएर खेर गइरहेको गढवा गाउँपालिका-८ कोइलावासमा किसान गोविन्द अधिकारी बताउँछन्। उनले विगत पाँच वर्षदेखि व्यावसायिक रूपमा यसको खेती गर्दै आएका छन्।

भारतीय कागतीका कारण स्थानीयस्तरमा उत्पादित कागतीले बजार नपाएको उनको भनाइ छ। उनले भने-“स्वदेशमै केही गरौँ भन्ने लक्ष्यसहित लागेको छु, बजार नपाउँदा निराश भए पनि आँट मारिसकेको छैन।” पछिल्लो समय एक क्विन्टल कागती बारीमै कुहिएर खेर गएको उनको भनाइ छ। उमेरले २५ वर्ष पुग्नुभएका किसान अधिकारीको बारीमा एक सय ५० कागतीका बोट छन्।

पछिल्लो समय सामाजिक सञ्जालमा बिक्रीमा समस्या भनेर राखेपछि काठमाडौँबाट माग आएकाले चार सय ९७ केजी उधारोमा पठाएको उनको भनाइ छ। रु ८० का दरले पठाएको उनी बताउँछन्।

आफ्नै गाउँठाउँमा व्यावसायिक रूपमा कागतीखेती गर्दै आएका उनले कागती बिक्रीका लागि बजार खोज्दै हिँड्नुपर्ने अवस्था रहेको बताए। उनले भने-“स्वदेशमै केही गरौँ भन्ने भावनासहित यो व्यवसायमा लागेको छु, बजार खोज्दै भौतारिनुपर्ने अवस्था आउँदा समस्या भइरहेको छ।”

उनले एक बिघा जग्गामा व्यावसायिक रूपमा कागतीको खेती गर्दै आएका छन्। किसान अधिकारीले यसबाट वार्षिक रूपमा रु दुई लाख ५० हजार बढी आम्दानी गर्दै आएका छन्। उनले कागतीसँगै आँप, लिच्ची, अमलालगायतको पनि खेती गर्दै आएका छन्। सुरुमा उनका तीन दाजुभाइ मिलेर कागतीखेती गरेका थिए। दाजु विक्रम अधिकारी भने हाल वैदेशिक रोजगारमा छन् भने भाइ जीवनले उनलाई सहयोग गर्दै आएका छन्। यसका कारण व्यावसायिक रूपमा कागतीखेतीलाई निरन्तरता दिन केही सहज भएको उनको भनाइ छ।


हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

कर्मचारी आवश्यकता
होटल रेडशनको परिसरमा अवस्थित विन स्टार क्यासिनोमा विभिन्न पदहरुको लागि दक्ष तथा इमान्दार कर्मचारीहरुको आवश्यकत परेको हुँदा इच्छुक अनुभवी व्यक्तिहरुले आ-आफ्नो CV सहित तल दिइएको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।
१. किचन
२. फुड एण्ड वेभरेज
३. गेमिङ्ग
४. जि.एस.ए
५. मार्केटिङ्ग
६. हाउस किपिङ्ग
७. स्वीपर्स
८. ड्राइभर
९. निगरानी कर्मचारी
१०. क्यासियर
नोट: 5th August 2025 सम्म CV संकलन गरिने छ।
भैरहवा
सम्पर्क नं.: ९८४१७३०६८७, ९८०१७१८७४२, ९८४१२८०७४१


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com